नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

मिति: २०८३/०४/१३

# प्रेस वक्तव्य

वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचाररत बिरामीको निधनपश्चात् उत्पन्न परिस्थिति र त्यसलगत्तै चिकित्सकहरूमाथि भएको भौतिक आक्रमण (कुटपिट) को घटनाप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त घटनाविरुद्ध चिकित्सकहरूले विभिन्न माग राखी देशभरका अस्पतालहरूमा ओपीडी (OPD) सेवा ठप्प पारेका छन्। जसका कारण नागरिकहरू स्वास्थ्य सेवा पाउने आफ्नो संवैधानिक एवम् मौलिक अधिकारबाट वञ्चित हुन पुगेका छन्। यो अत्यन्तै गम्भीर, संवेदनशील र चिन्ताजनक अवस्था हो। यस्तो विषम र संवेदनशील परिस्थितिमा पनि वर्तमान सरकार पूर्णतः उदासीन, गैरजिम्मेवार र मूकदर्शक बनेको छ। जनताको स्वास्थ्यजस्तो संवेदनशील विषयमा सरकारले देखाएको यो चरम उदासीनताप्रति हाम्रो पार्टी खेद व्यक्त गर्दछ।

**सुरक्षाको ग्यारेन्टी:** चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पेसागत एवम् शारीरिक सुरक्षाको पूर्ण ग्यारेन्टी गर्नु राज्यको प्राथमिक दायित्व हो। कार्यस्थलमा बिना कुनै भय र त्रास सेवा दिने वातावरण तुरुन्त निर्माण गरियोस्।

**तत्काल वार्ता र समाधान:** आन्दोलनरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँग सरकारले अविलम्ब सार्थक वार्ता गरी उनीहरूका जायज मागहरूको तत्काल समाधान खोजोस् र अवरुद्ध सम्पूर्ण अस्पताल सेवाहरू अविलम्ब सुचारु गराइयोस्।

**पलायन रोक्न विशेष कदम:** पछिल्लो समय देशमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पलायन डरलाग्दो रूपमा बढिरहेको छ। यसलाई रोक्न सरकारले उनीहरूको पेसागत सुरक्षा, सेवा-सुविधा र वृत्तिविकासका लागि अविलम्ब ठोस तथा दीर्घकालीन नीति ल्याओस्।

**बिरामीको सेवाप्रति संवेदनशीलता:** आन्दोलनरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई पनि आन्दोलनका अन्य वैकल्पिक स्वरूपहरू अपनाउँदै आम बिरामीहरूले पाउनुपर्ने अत्यावश्यक स्वास्थ्य सेवा सुचारु राखी आफ्नो मानवीय दायित्व निर्वाह गरिदिनुहुन हार्दिक अपिल गर्दछौं।

जनताको स्वास्थ्य अधिकार खोसिने र चिकित्सकहरू असुरक्षित हुने यो स्थितिको अविलम्ब अन्त्य गरी समस्या समाधानका लागि जिम्मेवार बन्न हामी सरकारलाई पुनः सचेत गराउँदछौं।

शंकर पोखरेल
महासचिव



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org